# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, चैत १ गते २०३३ साल

श्री ५ को सरकार

### जल तथा विद्युत मन्त्रालयको

### सूचना

जग्गा प्राप्ति ऐन, २०१८ को दफा ७ को उप-दफा (१) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले खानेपानी तथा ढल निकास समितिको गुरू आयोजना अन्तर्गत ट्यूबवेलको लागि बाग्मती अञ्चल, काठमाडौं जिल्ला, बालाजू गाउँ पञ्चायत वडा नं. २ (ख) मा पर्ने निम्नलिखित जग्गा प्राप्त गर्ने निर्णय गरेकोले सम्बन्धित जग्गाधनीले जग्गाको मोल र अरू नोक्सानी बापत यस ऐन र जग्गा प्राप्ति नियमहरू, २०२६ बमोजिम क्षतिपूर्ति पाउने हुँदा यो सूचना प्रकाशित गरिएको छ ।

पूर्व गोरेटो बाटो, पश्चिम कि.नं. ४९ र ५० को बाँकी जग्गा, उत्तर वार्ड नं. २ (क) को सिमाना, दक्षिण कि.नं. ५१ र ५४ को बाँकी जग्गा यति चार किल्लाभित्रको कि. नं. ४९ बाट १–५–१, कि.नं. ५२ बाट १–१४–०, कि. नं. ५३ को ०–१४–२ पूरै, कि. नं. ५४ बाट ०–१४–० समेतको जम्मा मालपोत रू. १९।५५ (उन्नाईस रूपैयाँ पचपन्न पैसा) को तिरो लागेको जम्मा जग्गा रोपनी ४–१५–३ (चार रोपनी पन्ध्र आना तीन पैसा) को कित्ता ।

आज्ञाले–

कर्णध्वज अधिकारी

श्री ५ को सरकारको सचिव



९६५

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

श्री ५ को सरकार

# जल तथा विद्युत् मन्त्रालयको

## सूचना

जग्गा प्राप्ति ऐन, २०१८ को दफा ७ को उप–दफा (१) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले खानेपानी तथा ढल निकास समितिको उप–कार्यालय पोखराको लागि गुरू योजना अन्तरगत चेम्बर ए र बी बनाउनको निमित्त गण्डकी अञ्चल, कास्की जिल्ला पोखरा गर्लाङ्छहरे पानी गा. पं. वार्ड नं. ३ मा पर्ने निम्नलिखित जग्गा प्राप्त गर्ने निर्णय गरेकोले सम्बन्धित जग्गाधनीले जग्गाको मोल र अरू नोक्सानी बाप्त यस ऐन र जग्गा प्राप्ति नियमहरू, २०२६ बमोजिम क्षतिपूर्ति पाउने हुँदा यो सूचना प्रकाशित गरिएको छ।

पूर्व कि.नं. ३१२ को बाँकी जग्गा, पश्चिम कि.नं. ३१२ को बाँकी जग्गा, उत्तर कि.नं. ३१२ को बाँकी जग्गा, दक्षिण कि.नं. ३१२ को बाँकी जग्गा यति चारकिल्लाभित्रको कि.नं. ३१२ को बीज –।१५ (पन्ध्रमुरी) मध्ये बीज ।१।६।२ (एकमुरी छ पाथी दुईमाना) को मालपोत रू. ।६० (साठी पैसा) लागेको कित्ता – – १

पूर्व कि.नं. १२६१ र १२६२, पश्चिम कि.नं. १२६१, उत्तर कि.नं. १२६१ र १२६२, दक्षिण कि. नं. १२६१ यति चार किल्लाभित्रको कि. नं. १२६१ को बीज ।१०।१८।६ (दश मुरी अठारपाथी छमाना) मध्येबाट बीज ।१।५ (एकमुरी पाँचपाथी) र कि.नं. १२६२ को बीज ।१० (दशमुरी) मध्येबाट ।·।१।२ (एकपाथी दुईमाना) समेत गरी जम्मा बीज ।१।६।२ (एकमुरी छपाथी दुईमाना) को जम्मा मालपोत रू. ।८५ (पचासी पैसा) लागेको कित्ता — — – २

आज्ञाले–
कर्णध्वज अधिकारी
श्री ५ को सरकारको सचिव

१६६

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।